# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०७ दिसम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. आज देशभरीमा सशस्त्र बल झण्डा दिवस पालन गरिरहेछ। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले सशस्त्र बल झण्डा दिवस भनेको देशका साहसी सैनिकहरूको बहादुरीए दृढता र बलिदानलाई सम्मान गर्ने दिन भएको बताउनुभयो।

२. मुख्यमन्त्री ममता बेनर्जीले आगामी १० डिसेम्बरमा जगन्नाथ मन्दिरको निर्माण कार्यको निरीक्षण गर्न दिघाको भ्रमण गर्नुहुनेछ।

३. आज आकाशवानी खरसाङ सगै दार्जिलिंगको बिभिन्न स्थानहरुमा स्वतन्त्रता सेनानी गागा छिरिङ डुक्पाको ११५ औ जन्मजयन्ती पालन।

४. कोलकाताको सल्ट लेकमा जारी छैंटौं हिमालयन सुन्तला उत्सवमा खरसाङ एसोसिएसन फर् टुरिज्म एण्ड कन्जरभेशनको सहभागिता।

५. दार्जिलिङको सुदुरवार्ती लोधोमा ग्राम एकको नामला फरेष्ट बस्ती एक घर आगलागीमा परि स्वाहा।

**सशस्त्र बल झण्डा दिवस**

आज देशभरीमा सशस्त्र बल झण्डा दिवस पालन गरिरहेछद्य यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले सशस्त्र बल झण्डा दिवस भनेको देशका साहसी सैनिकहरूको बहादुरीए दृढता र बलिदानलाई सम्मान गर्ने दिन भएको बताउनुभयो। सशस्त्र सेना झण्डा दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै प्रधानमन्त्री मोदीले उनीहरुको बहादुरीले प्रेरणा दिएको र बलिदानले सबैलाई नम्र बनाएको बताउनु भएको छ यसका साथै उहाँले सशस्त्र बल झण्डा दिवसको कोषमा सहयोग गर्न पनि सबैलाई आग्रह गर्नुभयो।

****** ० ******

**मुख्यमंत्री ममता बनर्जी**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले आगामी १० डिसेम्बरमा पूर्वी मेदिनीपुर जिल्लामा निर्माणाधीन जगन्नाथ मन्दिरको निर्माण कार्यको निरीक्षण गर्न दिघाको भ्रमण गर्नुहुनेछ। भ्रमणको क्रममा उहाको जगन्नाथ मन्दिरको अन्तिम चरणको कामको निरीक्षण गर्नुका साथै जिल्ला अधिकारीहरूसँग प्रशासनिक बैठक गर्ने कार्यक्रम रहेको छ। प्रशासनिक स्रोतका अनुसार मुख्यमन्त्रीले १० डिसेम्बरमा दिघाको भ्रमण गर्नुहुनेछ भने ११ डिसेम्बरमा जगन्नाथ मन्दिर निर्माण कार्यको निरीक्षण गर्नुको साथै उद्धाटनको मिति घोषणा गर्नुहुनेछ यसका साथै उहाँ १२ डिसेम्बरमा कोलकाता फर्कनुहुनेछ।

****** ० ******

**गागा छिरिङ डुक्पा**

आकाशवानी खरसाङमा आज स्वतन्त्रता सेनानी गागा छिरिङ डुक्पाको ११५ औ जन्मजयन्ती पालन गरियो। आकाशवानीको प्रेक्षागृहमा आयोजित कार्यक्रममा टेक्निसियन पवन डुक्पाए समाचार विभाग प्रभारी अशोक चौरसिया सगै आकाशवानीका विभिन्न विभागका कर्मचारीहरुको बिशेश उपस्थित थियो। स्वतन्त्रता सेनानी डुक्पाको तस्बिरमा माल्यअर्पणको साथमा शुरुवात गरिएको कार्यक्रममा डुक्पाको जीवनी सगै उहाँको देशप्रेमबारेमा समाचार बिभाग प्रभारी अशोक चौरसियाले बोल्नुभएको थियो। सेनानी डुक्पा ७ डिसेम्बर १९०९ मा सुकिया पोखरी खण्ड अधिनस्त परमागुडीमा जन्मेका थिए भने उनले स्वतन्त्रता सग्रामीको रूपमा धैरै सघर्श गरेका थिए। यसका साथै उनलाई देशप्रती पुर्याएको योगदानको कदर गर्दै १९७२ सालमा भारत सरकारले ताम्रापत्र प्रदान गरेको थियो।

****** ० ******

**डुक्पा वेलफेयर एशोशिएसन**

डुक्पा वेलफेयर एशोशिएसन केन्द्रीय समितिको निजी कार्यालय जोरबङलोमा स्वतन्त्रता सेनानी स्व गागा छिरीङ डुक्पाको ११५ औँ जन्मजयन्ती पालन गरियो कार्यक्रममा समिती अधिनस्त एघारवटा शाखाका सभापति सचिवहरूको बिशेष उपस्थित थियो। जयन्तीको शुरूमा गागा छिरीङका फाटा अघि छेमी बालेर तथा खदा लगाएर सबैले राष्ट्रिय गीत गाएर स्वतन्त्रता

सेनानीलाई सम्मान साथै श्रद्धाञ्जलि जनाए। यसका साथै पहाडी क्षेत्रमा भएका यस्ता स्वतन्त्रता सेनानीका वर्तमान भारत सरकारद्वारा उचित मूल्यांकन हुनुपर्ने सगठनले माग गरेको छ। यसबाहेक आज सुकियापोखरी स्थित गागा छिरीङ कलेजमा पनि ११५ औँ गागा छिरीङ जयन्ती मनाएको खबर प्राप्त भएको छ।

****** ० ******

**राज्यसभा-उपचुनाव**

तृणमूल कङ्ग्रेसले ऋतब्रत बन्दोपाध्यायलाई राज्यसभाको एक सीटमा हुने उपचुनावको लागि आफ्नो उम्मेदवारको रूपमा घोषणा गरेको छ। जवाहर सरकारले राजीनामा दिएपछि यो सीट खाली थियो। जवाहर सरकारले सितंबरमा आर.जी कर अस्पताल काण्डको विरोधमा राज्यसभा सांसद पदबाट राजीनामा दिएका थिए।

****** ० ******

**कर्मचारी फेडेरेसन**

पश्चिम बंगाल राज्य सरकारी कर्मचारी फेडेरेसन दार्जीलिङ जिल्लाको कन्फरेन्स २०२४ आज सम्पन्न गरियो। स्थानीय गोर्खा रंगमञ्च भवनको प्रेक्षागृहमा सम्पन्न गरिएको कन्फरेन्समा जीटीए कार्यपाल अनित थापा, पुर्व राज्य सभा सांसद एंव तृणमुल नेत्री शान्ता छेत्री फेडेरेसनको स्टेट कन्भेनर प्राताप नायक आदिको उपस्तिथि रहेको थियो भने सम्मेलनमा जीटीए लगायत पश्चिम् बंगाल सरकार अधिनस्त रहेका पश्चिम बंगाल राज्य सरकारी कर्मचारी फेडेरेसनका सदस्यहरुको उपस्थिति रहेको थियो। सभामा कर्मचारीहरुको हक र हित अनि अधिकारको कुराहरू भएको संगठनका प्रतिनिधि महेस घोसले जानकारी गराउनु भएको छ।

****** ० ******

**सुन्तला उत्सव**

कोलकाताको सल्ट लेकमा चलिरहेको छैंटौं हिमालयन सुन्तला उत्सवमा खरसाङ एसोसिएसन फर् टुरिज्म एण्ड कन्जरभेशनले सहभागिता जनाएको छ। उक्त तीन दिने सुन्तला उत्सव हिजोदेखि शुरु भएर भोलि 8 दिसम्बरसम्म चल्ने छ। उक्त उत्सवमा दार्जिलिङ पहाडए डुवर्सए सिक्किम लगायत उत्तर पूर्वी राज्यहरु साथै नेपाल र भूटानबाट सुन्तला प्रदर्शन साथै बिक्रीमा राखिएको छ भने दार्जिलिङ पहाडबाट दुईवटा स्टल राखिएको छ। यसमा खरसाङ एसोसिएसन फर् टुरिज्म एण्ड कन्जरभेशनले पनि एउटा स्टल राखेको जानकारी प्राप्त भएको छ। उक्त छैंटौं हिमालयन सुन्तला उत्सवको उदघाटन हिजो राज्यको अग्निशमन अनि आपतकालीन सेवा विभागको मन्त्री सुजित बोसले गर्नुभएको थियो।

****** ० ******

**बिमला जोशी**

आज दार्जीलिङ प्रेस गिल्डमा सर्जक बिमला जोशी कृत दुई पुस्तकहरु कोपिलाहरु बाल कविता संग्रह अनि सर्जक र सिर्जनाको चर्चाको लोकार्पण गरियो। लोकार्पण समारोहमा बरिस्ठ साहित्यकार सचिन राई दुमि एसाहित्यकार एंव प्राध्यापक डाक्टर महेश दहाल ए राम मणि जोशीआदिको उपस्थिति रहेको थियो भने उपस्थित अथितीहरु द्वारा दुइवटा कृतीहरुको बिमोचन गरिएको थियो । यसका साथै लोकार्पण गरिएको कृतिहरु माथी साहित्यकार सचिन राई दुमि अनि प्राध्यापक डाक्टर महेश दाहलले चर्चा गरेका थिए।

****** ० ******

**साहित्य अकादमी**

साहित्य अकादमी नयाँ दिल्लीको आयोजनामा आयोजित परिसंवादए नेपाली कवि सम्मिलन तथा नारी चेतना कार्यक्रममा प्रस्तुत गरिएको रचनाहरुको सङ्ग्रह भाषा परिसंवाद अनि समसामयिक विमर्श नामक पुस्तक र डीएस दर्नालद्वारा लिखित श्मेरो जन्म थलो र मेरो कर्म थलो आज खरसाङमा लोकार्पण गरिएको छ। गोर्खा जनपुस्तकालय खरसाङको पारसमणि प्रेक्षागृहमा सम्पन्न कार्यक्रमलाई वरिष्ठ नाट्य कलाकार विनोद प्रकाश शर्माले अध्यक्षता गर्नुभयो भने प्रमुख अतिथिको रुपमा प्राध्यापक डा अमीर दर्जी उपस्थित हुनुहुन्थ्यो। साहित्य अकादमी नेपाली भाषा परामर्श समितिको सदस्या आशा मुखिया लामाले सञ्चालन गरेका कार्यकममा दुवै पुस्तकहरुमाथि समीक्षात्मक टिप्पणी गोर्खा जनपुस्तकालय खरसाङको मूल सचिव एंव स्रष्टा विनोद रसाइलीले राख्नुभयो।

****** ० ******

**आगलागी**

दार्जिलिङको रिम्बिक लोधोमा समष्टि अन्तर्गत लोधोमा एक ग्रामको वार्ड नम्बर एक नामला फरेष्ट बस्ती निवासी मिंगमा लमु शेर्पाको घर आज दिउँसो एघार बजेतिर आगलागीमा परि स्वाहा भएको छ। आगलागीआ परि एउटा आधार कार्ड बाहेक केहि नरहेको पीडितको भनाइ रहेकोछ। आगलागीको कारण हालसम्म थाहा नलागेको बताइएको छ भने आवस्यक छानबिन शुरु भैसकेको छ अर्कोतिर उक्त दु:खद खबर सुन्नसाथ क्षेत्रीय सभासद नोर्देन शेर्पाले पिड़ित परिवारलाई चाहिने सम्पुर्ण सर समान देखि ओड्ने ओछाउने लुगा फाटा तत्काल राहतको रुपमा पठाएको जानकारी भागोप्रमो पार्टीका नेतृत्व टिका मादेनले जानकारी दिएका छन भने सभासद शेर्पाले चाडै घर पनि बनाई दिने बचन दिएको थप जानकारी छ यसका साथै स्थानीय ग्राम पन्चायत प्रतिनिधिहरुले स्थलगत भ्रमण गरि आवस्थाबारे जानकारी लिएका छन।

****** ० ******

**बन्द-चियाबारी-खुल्ने**

अलीपुरद्वार जिल्लामा बन्द रहेका दुई चियाबारी यसै महिनामा खुल्ने भएका छन्। जसमा रायमाटांग १२ डिसेम्बरमा र कालचिनी १९ डिसेम्बरमा खुल्ने बताइएको छ। स्रोतका अनुसार हिजो सिलिगुडी श्रमिक भवनमा सबै ट्रेड युनियनको उपस्थितिमा बसेको द्विपक्षीय बैठकपछी उक्त बन्द चियाबारी खोल्ने निर्णय गरिएको छ। गत वर्षको दुर्गा पूजाका बेला अक्टोबरमा एकपछि अर्को गर्दै रायमाटांग र कालचिनी चियाबारी बन्द भएका थिए। एक वर्षभन्दा अधिक समयको प्रतिक्षापछि बल्ल दुवै चियाबारी खुल्न लागेका हो।

****** ० ******

**ग्राम सभा**

दार्जिलिंग पुलबजार खण्डको रेलिङ ग्राम पञ्चायतको "ग्राम सभा" ग्राम प्रधान सारिका राईको अध्यक्ष्यतमा आज सम्पन्न भएको छ। स्थानीय रेलिङ उच्चतर माध्यमिक विद्यालय भवनमा भएको कार्यक्रममा विगत रेलिङ ग्राम पञ्चायत अधिनस्त सातैवटा वार्डबाट ग्राम संसाद सभा २०२५-२६ को लागि उठाएको विभिन्न योजनाहरू आजको ग्राम सभा- मा अनुमोदन गरियो। आजको कार्यक्रममा ग्राम पञ्चायत अधिनस्त लाइन विभागका प्रतिनिधिगणले पनि उपस्थिति जनाएका थिए भने उनीहरूले आआफ्नो विभागबाट पाउने सहुलियतबारेमा अगवत गराएका छन।

****** ० ******

**युवा शक्ति**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा केन्द्रीय युवा शक्तिको प्रतिनिधि टोलीले कालेबुङ जिल्ला युवा शक्तिसँग एक महत्वपूर्ण बैठक गऱ्यो। पार्टीको कालेबुङ जिल्ला कार्यालयमा सम्पन्न बैठकमा पार्टीका केन्द्रीय तथा जिल्ला युवा नेताहरूले उपस्थिति थियो। बैठकमा केन्द्रीय युवा शक्तिको पक्षबाट अध्यक्ष अमृत योञ्जन, मूलसचिव सदीप प्रधान, उपाध्यक्ष निरेन लामा, कोषाध्यक्ष साजित अहमद र सदस्यहरू उपस्थित थिए। त्यसैगरी कालेबुङ जिल्ला युवा शक्तिको पक्षबाट अध्यक्ष दावा तेञ्जी शेर्पा, मूलसचिव इमान चाम्लिङ र अन्य युवा पदाधिकारीहरूसहित कार्यकर्ताहरूको बाक्लो उपस्थिति थियो। बैठकमा पार्टीको युवा शक्तिको सशक्तिकरण, सांगठनिक ढाँचाको मजबूती तथा आगामी रणनीतिहरूबारे गहन छलफल गरिएको थियो।

****** ० ******

*************